नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

**निर्णयहरु**

१. **केहि दिन देखी बढेको चिसोका कारण पर्नसक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्नका लागि देहाय अनुसार गर्ने गराउने ।**

१.१गाउँपालिका/नगरपालिकाहरुअन्तर्गत चिसो तथा शीतलहरवाट प्रमाणितहुनसक्नेक्षेत्र/गाउँ/टोलका गरीब तथा विपन्न परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि सबै सरोकारवाला निकाय तथासंस्थाहरुसँग समन्वय गरी इन्धन, दाउरा, कम्बल जस्ता सामग्रीको भण्डारण गरी हुनसक्ने सम्भावितजोखिमबाट बच्ने/बचाउने उपायको अवलम्बन गर्ने । स्थानीय तहमा अत्यावश्यक सामग्रीको सञ्चय गरी Replenish का आधारमा सामाग्री अध्यावधिक समेत गर्ने ।

१.२जाडोको लागि आवश्यक पर्ने दाउरा तथा काठ समयमै उपलब्ध गराउन सक्ने गरि डिभिजन कार्यालयले आवस्यक तयारी गर्ने ।

१.३नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालले आ- आफ्नो क्षेत्रबाट आवश्यक पूर्वतयारी तत्काल गर्ने।साथै नेपाल प्रहरीले सामुदाय प्रहरी साझेदारी कार्यक्रम अनुसार सचेतनामुलक कार्यक्रमहरु गर्ने।

१.४सम्भावित जोखिमलाई मध्यनजर गर्दै हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न स्वास्थ्य कार्यालय र सबै स्थानीय तहहरुले जनचेतनामूलक कार्यक्रम सचालन गर्ने । स्वास्थ्यकर्मी तथा औषधिहरुको व्यवस्था मिलाई द्रूत प्रतिकार्य समूह परिचालित हुन सक्ने अवस्थामा रहने।

१.५सम्भावित चिसो तथा शीतलहरबाट सुरक्षित रहन, न्यानोका लागि बालिने आगोबाट हुनसक्ने सम्भावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमुलक सूचना विभिन्न स्थानीय भाषामा समेत तयार गरी आम सञ्चारमाध्यम मार्फत प्रचारप्रसार गर्ने व्यवस्था सबै स्थानीय तहहरुले मिलाउने।

१.६चिसो तथा शीतलहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र वचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने व्यवस्था मिलाउन र शीतलहरहरुको कारणबाट अन्नबाली/पशुपंक्षीको क्षति भएमा कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने व्यवस्था कृषि ज्ञानकेन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र र सबै स्थानीय तहले मिलाउने।

१.७कुहिरो तथा हुस्सु लागेको समयमा हुन सक्ने सवारी दुर्घटनालाई न्यूनीकरण गर्न एक सर्वे समूह गठन गरी त्यस्ता स्थानहरुको Mapping गर्न नेपाल प्रहरीले आवश्यक व्यवस्था मिलाउने। यसैको आधारमा कुहिरो तथा हुस्सुबाट सड्क दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकहरुमा विभिन्न सांकेतिक चिन्हहरु तथा सूचनामूलक सन्देशहरु राख्ने व्यवस्था सम्बन्धित सडक कार्यालयहरुले मिलाउने।

१.८विद्यालयहरुमा चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था शिक्षा तथा समन्वय इकाइ, सुनसरीले मिलाउने।

प्रतिलिपि प्रमाणीत २०७६।९।१६

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

१.९सबै Cluster Lead र Co-Lead ले सम्बन्धित Cluster Members सँग छलफल गरी चिसो तथा शीतलहरका लागि प्रभावकारी Contingency Plan तयार गरी लागू गर्ने, गराउने ।

१.१०तालीम प्राप्त जनशक्ति सहित न्यूनतम खोज तथा उद्धार सामग्री एवं राहत सामग्रीको भण्डारण सबै तहले आ-आफ्नो क्षमता अनुसार व्यवस्थापन गर्ने।

१.११प्रकोपमा आधारित अध्ययन (Hazard Wise Study) गरेर जोखिम नक्शाङ्कन (Risk Mapping) गरी Search and Rescue (SAR) का उपकरणहरु र SAR मा खटिने समूहहरूको लागि समेत सुरक्षात्मक उपकरणको व्यवस्था गर्ने र विपदको लागि अत्यावश्यक सामग्रीको व्यवस्थापन र निचित मापदण्ड (Standardization) निर्धारण गर्ने कार्यस्थानीयतहहरुले आ-आफ्नो क्षेत्रमा गर्ने।

१.१२सम्भावित विपद् व्यवस्थापनका लागि स्थानीय तहहरुले आफुलाई साधन स्रोत र सामाग्रीबाट सुसज्जित गर्दै तयारी अवस्थामा राख्ने।

२.चिसोको कारणले नागरिकको जिउ ज्यानको सुरक्षा गर्न आवश्यक व्यवस्था तथा तयारी गरी कोही कसैको मृत्यु हुने अवस्था आउन नदिनका सवै स्थानीय तह तथा सहयोगी निकायहरुले आवस्यक व्यवस्था मिलाउने ।

३.मिति २०७६।१०।२ गते २२औं भुकम्प सुरक्षा दिवसका अवसरमा सवै स्थानीय तहहरुले आ-आफ्नो तहमा राष्ट्रिय भवन निर्माण सँहिता एवं भवन निर्माण मापदण्डका सम्वन्धमा सचेतनामुलक कार्यक्रमहरु सँचालन गरि गराइ सुरक्षा दिवस मनाउने ।

४. जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७६।०४।०४ गतेको वैठकबाट सबै स्थानीय तह हरुले चिसो तथा शितलहर व्यवस्थापनका लागि २०७६ कातिक महिना भित्र contingency plan बनाउने निर्णय भएकोमा हालसम्म ४ वटा स्थानीय तहले उक्त योजना बनाएको जानकारी प्राप्त हुन आएको हुँदा वाँकी स्थानीय तहले समेत तत्काल उक्त योजना बनाउने ।

५. गर्मीको समयमा हुन सक्ने हावा हुरी तथा आगलागी व्यवस्थापनका लागि सबै स्थानीय तहले आ-आफ्ना contingency plan यथा समयमै बनाइ कार्यान्वयन गर्ने ।

६.विपद पछिको प्रारम्भिक द्रुत लेखाजोखा सम्वन्धि कार्यका लागि सबै स्थानीय तहले प्रत्येक वडाबाट कम्तिमा दुई जना पर्ने गरी उक्त कार्यगर्न सक्ने व्यक्तिलाई तालिम प्रदान गर्ने गराउने व्यवस्था मिलाउने । उक्त कार्यका लागि नेपाल रेडक्रस सोसाइटी सुनसरीले प्राविधिक सहयोग उपलब्ध गराउने ।

७. वडा स्तरीय विपद व्यवस्थापन समिति गठन नभएका स्थानीय तहले यथाशिघ्र वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गर्ने ।

८. सवै स्थानीय तहले आ-आफ्नो तहको विपद व्यवस्थापन प्रतिकार्य योजना परिमार्जन गर्ने गराउने । यस कार्यका लागि नेपाल रेडक्रस सोसाइटी सुनसरीले प्राविधिक सहायता उपलब्ध गराउने ।

प्रतिलिपि प्रमाणीत ०७६।९।१६
सहायक प्रमुख जिल्ला अधिकारी